## निर्णयहरुः

### निर्णय नं. १

आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेट तथा कार्यक्रमको लक्ष्य, प्रगति र प्राप्त उपलब्धीका सम्वन्धमा समीक्षात्मक छलफल गरियो । चालु आर्थिक वर्षमा पूँजिगत तर्फको भौतिक तथा वित्तीय प्रगति न्यून रहेको पाइएकोले सम्वन्धित सबै कार्यालयका प्रमुखहरुले बाँकी अवधिको कार्ययोजना बनाएर आयोजनाहरुको तीव्र प्रगति हासिल गर्न तदारुकताका साथ कार्य सम्पादन गर्ने ।

### निर्णय नं. २

सरकारी कार्यालयहरुको परिसर लगायतका स्थानहरुमा सरसफाइको अभाव भएको भनी विभिन्न माध्यमबाट गुनासो आउने गरेको र यस अगाडिको बैठकमा समेत सबै कार्यालयहरुले सम्पूर्ण कर्मचारीहरुको अनिवार्य सहभागितामा प्रत्येक शुक्रवार विहान कम्तिमा एक घण्टा समय कार्यालय र कार्यालय परिसरको सफाईमा लगाउने निर्णय भएकोमा कार्यान्वयन भएको नपाइएकोले अनिवार्य रुपमा प्रत्येक शुक्रवार विहान कम्तिमा एक घण्टा कार्यालय र कार्यालय परिसरको सरसफाई गर्ने ।

### निर्णय नं. ३

सबै कार्यालयहरुले सबै कर्मचारीहरुलाई स्थायी लेखा नम्वर लिन लगाउने र अनिवार्य रुपमा e-TDS गर्ने व्यवस्था मिलाई सोको प्रगति विवरण आगामी कार्यालय प्रमुखको बैठकमा पेश गर्ने भनिएकोमा अधिकांश कार्यालयहरुले निर्णय कार्यान्वयन गरेको नपाइएकोले अनिवार्य रुपमा कार्यान्वयन गरी आगामी बैठकमा प्रगति विवरण पेश गर्ने ।

### निर्णय नं. ४

सरकारी कार्यालय, विद्यालय र अस्पताल लगायतका सार्वजनिक स्थानहरुमा सूर्तीजन्य र मदिराजन्य पद्धार्थ सेवन गरी प्रवेश गर्न प्रतिवन्ध लगाउने र त्यस्तो क्रियाकलाप गरेको पाइएमा जरिवानामार्फत दण्डित गर्ने परिपाटी बसाल्ने गरी सम्वन्धित निकायहरुले व्यवस्था मिलाउने ।

### निर्णय नं.५

कार्यालयहरुले आफ्नो क्षेत्राधिकार भित्र पर्ने कामको नियमित अनुगमन मूल्यांकन गरी बजार (खाद्य तथा गैर खाद्य पद्धार्थ) व्यवस्थापन, आपूर्ति व्यवस्थापन, यातायात व्यवस्थापन, स्वास्थ्य तथा सरसफाई र शिक्षा क्षेत्र व्यवस्थापनलाई प्रभावकारी बनाई आम नागरिकलाई परिवर्तनको अनुभूति दिलाउन हरदम प्रयासरत रहने ।

### निर्णय नं. ६

सुख्खा याममा हुन सक्ने हावा, हुरी, हुण्डरी, डडेलो, आगजनी, चट्याङ जस्ता विपदजन्य घटनाका सम्भावनालाई मध्यनजर गरी सबै सरोकारवाला निकायहरुले आपसी समन्वयमा उच्च सतर्कताका साथ तयारी अवस्थामा रहने । सरोकारवाला निकायहरुले स्थानीय विपद व्यवस्थापन समितिले गरेको तयारीको जानकारी लिने र जिल्ला विपद् व्यवस्थापन समितिले गर्नु पर्ने तयारीका लागि प्रस्ताव पेश गर्ने ।

जितेन्द्र बस्नेत
प्रमुख जिल्ला अधिकारी

**निर्णय नं.७**

कार्यालय प्रमुखहरुले प्रमुख जिल्ला अधिकारीलाई वा सहायक प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराएर मात्र जिल्ला छाड्ने र सार्वजनिक बिदाका दिनमा सरकारी कामका निम्ति अनिवार्य रुपमा सवारी पास लिएर मात्र सवारी साधन सञ्चालन गर्ने । सवारी पास नलिई सञ्चालनमा ल्याइएका सवारी साधनहरुलाई जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिने ।

**निर्णय नं.८**

सबै कार्यालयहरुले सूचनाको हक सम्वन्धी ऐन बमोजिम त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्ने विवरणहरु सार्वजनिक गर्ने । मानव अधिकार राष्ट्रिय कार्ययोजना बमोजिम गर्नु पर्ने कामहरु गरी समयमा नै सम्वन्धित निकायमा प्रतिवेदन गर्ने । सूचना अधिकारीहरुलाई कार्यालयमा भएका निर्णय एवं गतिविधिहरु अद्यावधिक गराउने ।

**निर्णय नं. ९**

नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका कार्यालय प्रमुखहरुले कार्यालयमा समयपालना, अनुशासन, सदाचार प्रवर्द्धन र पेशागत आचरण कायम राख्न विशेष ध्यान दिने । वित्तीय अनुशासन र उत्तरदायित्व कायम राख्ने । आन्तरिक नियन्त्रण प्रणालीलाई कसिलो बनाउने । सकारात्मक सोच सहित सुधारको कार्ययोजना बनाएर आजैबाट आफैबाट परिवर्तनका निम्ति विशेष पहलकदमी लिने । सेवा प्रवाह र सुशासनका सन्दर्भमा यस अधिका कार्यालयहरुको बैठकबाट भएका निर्णयहरु तदारुकताका साथ कार्यान्वयन गर्ने ।

**निर्णय नं.१०**

यही २०७५ साल फागुन ६, ७ र ८ गते ६९औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सन्दर्भमा मूल समारोह समितिको निर्णयानुसार तय भएको कार्यक्रमहरु बैठकमा पेश भयो । सो अनुरुपका कार्यक्रमहरुमा सबै कार्यालयका प्रमुख एवं सम्पूर्ण कर्मचारीहरुले सक्रिय सहभागितामा जनाई भव्य र सभ्य रुपमा मनाउने ।

जितेन्द्र बस्नेत
प्रमुख जिल्ला अधिकारी